# माधव नारायण नगरपालिका

## नगर सभाको नवौं अधिवेशन २०८२/०८३

## बजेट, नीति तथा कार्यक्रमको सारांश

यस नगर सभाको दशौं अधिवेशनका सभा अध्यक्षज्यू, विशिष्ट अतिथिज्यू नगर सभाका सम्पुर्ण सदस्यज्यूहरु, यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायतका राष्ट्रसेवक कर्मचारीगण, पत्रकार, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

यस नगरपालिकाको दशौं नगर सभामा आफ्नो अति व्यस्तताका वावजुद यहाँ उपस्थित सम्पुर्ण महानुभावहरुलाई हार्दिक आभार सहित अभिवादन एवं स्वागत गर्दछु ।

सर्वप्रथम दश बर्षे सशस्त्र द्वन्द र विभिन्न जनआन्दोलनमा विरगती प्राप्त भएका सहिदहरु र विभिन्न प्राकृतिक विपतीबाट मृत व्यक्तिहरुप्रति श्रद्धाञ्जली अर्पण गदर्छु । नेपालको लोकतन्त्रको लागि योगदान पुऱ्याउनु हुने सम्पुर्ण पक्षहरुमा उच्च सम्मान गदर्छु ।

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको त्याग, संघर्ष र बलिदानबाट निर्मित संघिय नयाँ संविधान मार्फत् आज नेपालको इतिहासमा सिंहदरबारको अधिकारहरु स्थानीय स्तरमा उपभोग गर्दै माधव नारायण नगरपालिकाको नीति तथा कार्यक्रम एवं बजेट यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।

नेपालको संविधान २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा रहेको छ । लामो समय सम्मको आम नेपाली जनताको प्रतिक्षा, दश बर्षे सशस्त्र संघर्ष, ०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन, दलित जनजाति आन्दोलन, दुई पटक सम्म संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण तथा जारी गरी हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरु व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको दोस्रो निर्वाचन २०७९ सम्पन्न भई आज हामी माधव नारायण नगरपालिकामा स्थानीय सरकारको रुपमा रहि यो कार्यक्रममा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित भएका छौं ।

आदरणिय सदस्य ज्यूहरु, आँउदो आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट निर्माण गर्दा मैले माधव नारायण नगरपालिकाको सम्पुर्ण जनताका चाहना, भावना, माग एवं आवश्यकतालाई केन्द्रमा राखी यहाँको सम्भावना र चुनौतीको आधारमा दीर्घकालिन उद्देश्यसहित संविधानले दिएको क्षेत्राधिकारको सीमा ख्याल गर्दै राज्यको निर्देशक सिद्धान्तलाई समेत ध्यानमा राखि अन्य ठाउँको विकासको अनुभवलाई आत्मसात् गरेको कुरा सहर्ष जानकारी गराउन चाहन्छु ।

आदरणिय सदस्य ज्यूहरु, अब म माधव नारायण नगरपालिकाको आगामी सोच, लक्ष्य र उदेश्य प्रस्तुत गर्न अनुमति चाहन्छु ।

CamScanner

माधव नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय माधोपुर, रौतहट, नेपाल

**सोच : समुन्नत भौतिक, आर्थिक र सामाजिक पुर्वाधार सहित सांस्कृतिक रुपमा मौलिक र उत्कृष्ट नगरपालिका बनाउने ।**

**लक्ष्य : मानवीय तथा भौतिक विकासको पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने तर्फ केन्द्रित रहने ।**

**उदेश्य : नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने ।**

सम्भावना नै सम्भावनाले भरिएको यस नगरलाई एउटा सफल र नमुना नगर बनाउने आधारहरु हामीसँग छ । प्रवल इच्छाशक्ति सहितको दृढ जनशक्ति यस नगरको प्रमुख शक्ति हो । हामीसँग पर्याप्त पूँजी एवं उब्जाउ जमिनका साथै व्यापार व्यवसाय तथा उद्योगको प्रवल संभावना रहेकाले यो नगर व्यापार तथा कृषिको केन्द्र बन्न सक्ने प्रचुर आधारहरु पनि छन् । यति हुँदा हुँदै पनि केही चुनौती रहेतापनी हामी सफलता तर्फ दृढ निश्चयका साथ अगाडी बढिरहेकै छौं । हामीसँग दृढ जनशक्ति भएतापनि आवश्यक सीप छैन, हामीसँग पर्याप्त पूँजी भएतापनि एकिकृत रुपमा परिचालित छैन, साथै पर्याप्त उब्जाउ जमिन भएता पनि आधुनिक सिंचाई, बिऊ र बजारको अभावले गर्दा कृषि उत्पादनमा तुलनात्मक वृद्धि हुन सकेको छैन । माधव नारायण नगरपालिका एक व्यवसायिक केन्द्र हुन सक्ने सम्भावना हुँदा हुँदै पनि आवश्यक भौतिक पूर्वाधारको अभावमा व्यापार फस्टाउन सकेको छैन । उद्योग व्यवसाय समेत सुरक्षित एवं सहज वातावरणको अभावमा आकर्षित हुन सकिरहेको छैन । यसर्थ नगरपालिकाको सम्पूर्ण संभावना र चूनौतिहरुको लेखाजोखा गरी यो नीति, कार्यक्रम तथा बजेट तयार गरेको छु । मलाई विश्वास छ यो कार्यक्रमले यस नगरको मुहार फेर्ने मात्र होईन, नयाँ फड्को सहित सहि दिशा दिनेछ, र छोटो अवधिमै यो नगरपालिकाले एक नमुना नगरपालिकाको रुपमा एउटा अलग पहिचान बनाउने छ ।

आ.व.२०८२/८३ को नीति, कार्यक्रम तथा बजेट निर्माण गर्दा समुन्नत भौतिक, सामाजिक, आर्थिक पुर्वाधारहरु सहित सांस्कृतिक रुपमा मौलिक र उत्कृष्ट नगरपालिका बनाउने सोच, आन्तरिक आयको वृद्धि गर्दै मानविय तथा भौतिक विकासको पक्षमा ध्यान दिइ आर्थिक विकासको आधार तय गर्ने तथा कोरोना उत्थानशिल हुँदै विपद् व्यवस्थापन तर्फ केन्द्रित रहने लक्ष्य र आमजनतालाई विकासका लाभ उपयोग गर्न सक्षम बनाई जनताको जीवनस्तरमा सुधार ल्याउने उदेश्य निहित रहेको छ ।

अब आँउदो आर्थिक वर्ष २०८२/०८३ को म माधव नारायण नगरपालिकाले अवलम्बन गर्ने नीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) आर्थिक विकास तर्फ

- **"किसानसँग नगरपालिका"** भन्ने नारालाई आत्मसात गर्दै जनसहभागिताको आधारमा कृषि कार्यलाई अगाडि बढाउने मूल नीति लिइनेछ ।
- **किसान परिचयपत्र** वितरण कार्यकमलाई निरन्तरता प्रदान गरी यसै आ व ०८३/०८४ सम्ममा सम्पूर्ण वडाका किसानहरुलाई परिचयपत्र वितरण गर्न लगाई उक्त परिचयपत्रको आधारमा कृषिजन्य उत्पादनको लागि अनुदान उपलब्ध गराउने नीति अवलम्बन गर्दै लगिनेछ ।

CamScanner

- आ.व. ०८३/०८४ सम्ममा सम्पूर्ण वडोका किसानहरुलाई हरेक खेतमा आवश्यक सिचाईको व्यवस्था गरीनेछ।
- उन्नत जातका फलफुल, तरकारी बालि, मसला बालिको सम्भाव्यता अध्ययन गरि उपयुक्त स्थानमा खेति गर्न कृषक समूहलाई प्रोत्साहन गरिनेछ र कृषि उपजको बजारिकरणको उचित प्रवन्ध गरिनेछ।
- कृषिको आधुनिकिकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुऱ्याउन कृषिजन्य तथा नगदे वालीजन्य उद्योग तथा व्यवसायहरुलाई प्राथमिकता दिईनेछ।
- आफ्नो गाउँ आफै बनाउ अभियान अन्तर्गत सहकारीमा सबै नागरिकहरुको पहुँच पुऱ्याई कृषिमा योगदान पुऱ्याउने नीति लिईनेछ।
- कृषि उत्पादनलाई बढाउन भौगोलिक विशेषता अनुसारको बाली लगाउन माटो परिक्षण गरि सुहाउँदो बाली लगाउनमा कृषकलाई सहयोग गरिनेछ।
- कृषि व्यवसायलाई थप व्यवस्थित बनाउन आवश्यक गृहकार्य गरिनेछ जस अनुसार कृषि बीमालाई प्राथमिकता दिइनेछ।
- सहकारी उत्पादनलाई बढावा दिइने छ।
- ऋण तथा बचत सहकारी संस्थाहरुलाई नियमन तथा प्रोत्साहन गरिने छ।
- युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई सीपमूलक तथा व्यवसायिक तालीम प्रदान गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।
- पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन आवश्यक गृहकार्य गरिनेछ जस अनुसार पशु बीमा, नश्ल सुधार जस्ता क्षेत्रलाई प्राथमिकता दिइनेछ।
- जिल्ला पशु सेवा कार्यालयसंग समन्वय गरी पशु स्वास्थ्य सेवा विस्तार गरिने छ।
- पर्यटन तथा संस्कृति विकासका लागि पिकनिक स्पट, पार्क व्यवस्थापन, मठ मन्दिरहरु, पुरातात्विक वस्तुहरुको खोज तथा व्यवस्थापनमा सहयोग गरिनेछ।
- माधव नारायण नगरपालिकामा रहेका विभिन्न नदीनाला तथा पोखरीको संरक्षण गरिनेछ।
- राजस्व परिचालनको दायरा फराकिलो बनाई विस्तार गरिनेछ।
- बाँझो जग्गामा वृक्षारोपण गरिनेछ।
- नगरपालिकामा औद्योगिक तथा पर्यटकिय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाई आवश्यक प्रोत्साहन दिने नीति लिईनेछ।

CamScanner

- कृषकहरुलाई कृषि तथा पशु बीमाको सुविधा दिई कृषि व्यवसायमा हुने नोक्सानको परिपूर्ती गरी कृषकहरुलाई सहायता प्रदान गर्ने नीति लिईनेछ।
- अर्गेनिक खेती गर्ने किसानहरुलाई प्रोत्साहित गर्न अनुदान उपलब्ध गराइनेछ।
- बेमौसमी तरकारी खेतीलाई व्यवसायीकता तर्फ अगाडी बढाउने नीति लिईनेछ।
- प्रारङ्गिक मल उत्पादन केन्द्रको स्थापना गरिनेछ।
- कृषकको उत्पादनलाई आवश्यक बजारको व्यवस्थापन गरिनेछ।
- अनुदानमा आधारित कृषि मोटर, विऊ तथा मलको व्यवस्था मिलाइनेछ।
- कृषि विधुतिकरण गर्ने कार्य तिब्र गतिमा अगाडी बढाउने छ।

(ख) सामाजिक विकास तर्फ

- गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणालीलाई प्रवर्द्धन गर्न प्राथमिकता दिँदै विद्यालयको संस्थागत सुधार गर्नूका साथै आवश्यक ऐन, नियम, मापदण्ड तथा कार्यविधी निर्माण गरिनेछ।
- खुल्ला प्रतिस्पर्धाबाट प्र अ छनौट गर्ने तथा छनौट भएका प्र अ लाई नगरपालिकाको तर्फबाट थप प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।
- विधार्थीसंख्या, विषयगत शिक्षकको व्यवस्थापन, आवश्यक दरबन्दी तथा दरबन्दीको परिपूर्तिको आधारमा विधालयलाई आवश्यक पर्ने थप सहयोगी शिक्षकको रुपमा नगर शिक्षक व्यवस्थापन गरी शैक्षिक गुणस्तर कायम गर्ने नीति अवलम्वन गरिनेछ।
- यसै आ.व. मा यस माधव नारायण नगरपालिका वडा नं.६ मा रहेको श्री मा.वि., माधोपुरको ४ करोडको भवन निर्माणको कार्य गरिनेछ।
- यसै आ.व. मा यस माधव नारायण नगरपालिका वडा नं.४ मा रहेको श्री मा.वि., विसुनपुर्वा मानपुरको ४ करोडको भवन निर्माणको कार्य गरिनेछ।
- आ.व.२०८३/८४ सम्ममा प्रत्येक विद्यालयमा विद्यार्थीको अनुपात बमोजिम भौतिक पूर्वाधार तथा डेस्क बेन्चको व्यवस्था गरिनेछ।
- यसै आ.व.मा प्रत्येक विद्यालयमा स्वच्छ खानेपानी तथा सरसफाईको व्यवस्था गरिनेछ।
- आवश्यकता अनुसार विद्यालयहरुमा कम्प्युटर, गणित तथा विज्ञान प्रयोगशाला निर्माण गरिनेछ।
- विधालयको सम्पूर्ण गतिविधीलाई व्यवस्थापन गर्न बाँकी रहेका सामूदायिक विधालयहरुमा सीसीटीभी क्यामरा जडान गरिदै लगिनेछ।

CamScanner

- मातृभाषामा अध्ययन गर्ने बालबालिकाको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न अविलम्ब स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ साथै नगरपालिकाको चिनारी सहित आधारभूत तहसम्म अनिवार्यरुपमा स्थानीय पाठ्कम अनुसारको विषय अध्यापन गराइनेछ ।

- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय जाने बातावरण वनाउन बालमैत्रि शिक्षामा जोड दिइनेछ ।

- प्राविधिक शिक्षाको विकासको लागि नगरपालिकाले निजी क्षेत्रसंग सहकार्य गर्ने नीति लिइने छ ।

- शिक्षकहरुलाई निजको कार्य सम्पादन (विद्यार्थीको उतिर्ण नतिजा तथा प्राप्तांक प्रतिशत) को आधारमा दण्ड, पुरस्कार तथा सम्मान गरिने छ ।

- प्रत्येक वडामा कम्तिमा एउटा नमूना विधालय हुने नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।

- अन्तर विधालय प्रतियोगितात्मक कार्यक्रम मार्फत विधार्थीको प्रतिभा प्रष्फुटन गराउने कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

- यसै आ.व. देखी सम्पुर्ण विद्यालयहरुमा BOOK FREE FRIDAY कार्यक्रम कार्यान्वयन गरिदै लगिनेछ ।

- भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्ने जनताको अधिकार सुनिश्चित गर्न स्वास्थ्य चौकिहरुको संस्थागत सुधार गरिनेछ ।

- यस नगरपालिकाको वडा नं. २, खेसरहियामा निर्माणधीन अवस्थामा रहेको १५ शैया अस्पतालको निर्माण कार्य सम्पन्न गरी नगरबासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

- यसै आ.व.देखी यस नगरपालिकाको वडा नं. ३, ५, ६, र ८ अन्तर्गत रहेको स्वास्थ्य संस्थामा वर्थीङ्ग सेन्टर सेवा संचालन गरी सम्पूर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुति गराउने व्यवस्था मिलाइनेछ ।

- यस माधव नारायण नगरपालिकाको वडा नं.३ सखुअवामा निर्माणधिन ट्रमा सेन्टर तथा स्वास्थ्य चौकीको भवन निर्माणको कार्य आ.व.२०८४/०८५ सम्पन्न गरी सेवा संचालन गरिनेछ ।

- आ.व.२०८४/०८५ सम्म यस नगरपालिकामा पोषणमैत्री स्थानीय शासन लागु गरिनेछ ।

- कुनै संघ संस्था वा प्रतिष्ठान शैक्षिक कार्य वा स्वास्थ्य सेवाको क्षेत्रमा कार्य गर्न चाहेमा नगरपालिकाले सहकार्य वा सहयोग गर्नेछ ।

- हरेक वडामा रहेका स्वास्थ्य संस्थाहरुको सुदृढिकरणको प्रबन्ध मिलाइने छ ।

CamScanner

माधव नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय माधोपुर, रौतहट

- ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण गर्ने उदेश्यले परम्परागत रुपमा निर्मित मठ मन्दिर लगायतका संरचनाहरुको संरक्षण र संबर्दन गर्दै लगिने छ ।

- राष्ट्रि भुमि आयोगको नियमानुसार भुमिहिन दलित, भुमिहिन सुकुम्बासीलाई जग्गा व्यवस्थापन गर्ने निति अवलम्बन गरिने छ ।

- महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।

- आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला बालबालिका दलित फरक क्षमता भएका व्यक्ति ज्येष्ठ नागरिक अल्पसङ्ख्यक सिमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धि कार्यलाई अघि बढाउन आयमुलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिला तथा बालबालिकाहरु माथि हुने हरेक प्रकारको हिंसा, भेदभाव तथा अन्य कुरीतीहरुको अन्त्य गर्दै महिला तथा बालबालिका मैत्री नगरपालिका बनाउनका नीतिगत व्यवस्था गर्दै विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गरिनेछ ।

- यस नगर भित्रका विद्यार्थीहरुलाई क्षमताका आधारमा निशुल्क रुपमा लोक सेवा, शिक्षक सेवा लगायत सीप विकासका लागि आवश्यक तालीमहरुको निरन्तरता गरिनेछ ।

### (ग) पूर्वाधार विकास तर्फ

- नगरपालिकाको आफ्नो प्रशासनिक भवनको अभावलाई व्यवस्थापन गर्न तथा जनताको सेवा प्राप्तिको कार्यलाई सहजीकरण गर्न यस नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्यलाई यसै आ.व. मा सम्पन्न गरि सेवा प्रवाह गरिनेछ ।

- यस माधव नारायण नगरपालिकाको गौरवको योजना रहेको मिठुअवा नहर देखी माधोपुर जाने सडकको निमार्ण कार्य यसै आ.व.मा सम्पन्न गरिनेछ ।

- वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत निर्माण मापदण्ड २०७२ कार्यान्वयनमा ल्याई गुणस्तरीय भवन निर्माण गर्ने व्यवस्था मिलाइनेछ । पहिलै निर्माण भईसकेका भवनहरुलाई अभिलेखिकरण गरी नगरपालिकामा दर्ता गर्ने प्रबन्ध गरि राजश्व वृद्धि गरिनेछ ।

- नगर भित्र विभिन्न स्थानमा प्रतिक्षालय, सार्वजनिक शौचालय निर्माण गरिनेछन् ।
- विभिन्न स्थानमा सामूदायिक भवन निर्माण गरिनेछ ।

- यस नगरपालिका भित्र पक्कि सडकको पहुँच नपुगेको स्थानहरुमा पक्कि सडकको पहुँच पुर्‍याइनेछ र हाल सञ्चालनमा आई रहेका सडकहरुको मर्मत तथा स्तरोन्नति गरिनेछ । सो प्रयोजनका लागि एक मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।

CamScanner

- नगरपालिकासम्म पुग्ने सडकलाई फराकिलो बनाई आवागमनलाई व्यवस्थित गर्ने कार्य प्रारम्भ गरिने छ ।
- यस नगरपालिकाका सम्पूर्ण वडाहरुलाई जोड्ने गरी एक रिङ्गरोड निमार्णको कार्यलाई मूर्तरुप दिनका लागि आवश्यक पहल गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालन हुने गरी सार्वजनिक सवारीका लागि पहल गरिनेछ ।
- नगर क्षेत्रभित्र आवश्यक स्थानहरुमा पुल/कल्भर्टहरुको सम्भाव्यताको अध्ययन गरी निर्माणको पहल गरिने छ तथा स्वीकृत भएका पुल पुलेसाहरुको निर्माण कार्य अगाडी बढाईनेछ ।
- यस नगरपालिकामा पर्ने बागमती नदीमा झोलुङ्गे पुल निर्माणको कार्यलाई प्राथमिकतामा राखि आवश्यक कार्य अगाडि बढाईनेछ ।
- कृषि भूमीमा सिँचाई सुविधा उपलव्ध गराउन सिँचाइ आयोजना निर्माण र पुराना आयोजनाको मर्मत सम्भारको व्यवस्था गरिनेछ ।
- आधुनिक तथा वैज्ञानिक सिंचाई प्रविधिमा जोड दिईने छ ।
- प्रत्येक वडाको केन्द्र रहेको स्थानहरुमा नेपाल टेलीकमबाट टेलिफोन लाईन जडानको लागि जोड दिईनेछ ।
- नगर क्षेत्रका विभिन्न स्थानमा खानेपानी ट्याङ्की निर्माणका लागि पहल गरि नयाँ योजनाहरुको निर्माण प्रारम्भ गरिनेछ ।

### (घ) वातावरण तथा विपद व्यवस्थापन तर्फ

- यस नगरमा धुवाँबाट हुने प्रदुषणलाई ध्यानमा राखि चुल्हो धुवाँ मुक्त नगर बनाउन आवश्यक कदम चालिनेछ र सोका लागि विद्युतीय चुल्होको प्रयोग बढाउँदै विद्युतीय खपत बढाईनेछ ।
- ऐलानी जग्गाहरुको पहिचान गरी संरक्षण र उपभोगको नीति लिइने छ ।
- यस नगरपालिकाका जनतासँग सहकार्य गर्दै प्रत्येक सडकको दुवै छेऊमा मापदण्ड तोकी वृक्षारोपण कार्यक्रम अगाडी बढाइने छ ।
- नदी कटानलाई नियन्त्रण गरी भूमी संरक्षण गरिने नीति लिइने छ ।
- एक वडा एक वनको नीति अवलम्वन गरिनेछ ।

CamScanner

- वन तथा भू-संरक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ, जलाधार क्षेत्रको संरक्षणमा जोड दिइनेछ, वातावरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ, जलबायु परिवर्तन अनुकुलित कार्यक्रम सञ्चालन गरिनेछ ।

- बजार क्षेत्र र सबै वस्तीहरुमा कमश: फोहोरमैला व्यवस्थापनको उचित व्यवस्था गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

- बजार क्षेत्र व्यवस्थापन गर्नका लागि विभिन्न ठाउँमा बजार सेड निर्माण गरिनेछ ।

- स्यानिटरी ल्याण्ड फिल साईट (Sanitary Land Filled Site) पहिचान गरी आवश्यक व्यवस्था गरिनेछ ।

### ङ) संस्थागत विकास तथा सेवा प्रवाह तर्फ

- सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ, संस्थागत पुर्वाधार विकासमा जोड दिइनेछ ।

- यस नगरपालिका भित्रका सबै सार्वजनिक निकायमा अनिवार्य रुपमा नागरिक सहायता कक्षको स्थापना र नागरिक बडापत्र अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ ।

- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतिय माध्यमवाट हुने सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

- सूचना तथा संचारको प्रभावकारी व्यवस्थापनको लागि स्थानीय एफ्. एम्.हरुसँग समन्वय गरी नगरपालिकाका सूचनाहरुलाई प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

- नगरपालिका सम्पुर्ण सूचनाहरुमा जनताको पहुँच पुऱ्याउन वेवसाईटलाई अद्यावधिक गरिनेछ ।

- कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्न विशेष तालिमको व्यवस्था गरिनेछ ।

- कर्मचारी तथा पदाधिकारीहरुको आचरण तथा कार्यसम्पादनका आधारमा प्रोत्साहन तथा दण्ड सजायको व्यवस्था सुरु गरिने छ ।

- आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटिको अन्त्य गर्दै आर्थिक वर्षको सुरुमा नै योजना बनाएर काम सुरु गर्ने र समयमा नै नगरपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

- यस नगरपालिकाबाट प्रदान हुने सम्पूर्ण सेवाहरुलाई विशिष्टिकृत तथा सरलीकरण गर्दै सूचना प्रविधिको अधिकतम प्रयोग गरी अनलाईन मार्फत सेवा प्रवाहको व्यवस्था मिलाईनुका साथै नगरपालिकाको सूचना उपरको पहुँचलाई थप सरल बनाईनेछ ।।

### च) वित्तिय व्यवस्थापन र सुशासन तर्फ

CamScanner

- आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासको कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाबाट अनुमोदन भई नगर सभाबाट स्वीकृति प्राप्त भएको कर, शुल्क, दस्तुर, जरिवाना असुल गर्ने कार्य कडाईका साथ लागु गरिनेछ ।

- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइनेछ ।

- वित्तीय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ । वित्तीय जोखिम न्यूनीकरणको लागि वित्तीय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिईनेछ ।

- नगरपालिकाको आर्थिक कारोबारलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप लेखाँकन पद्धतिमा राखिनेछ । अन्तिम लेखापरिक्षण र बेरुजु फर्छ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति लिइनेछ **"जनमुखी स्थानीय सरकार, विकास र समृद्धिको आधार"** नारालाई मूल नाराको रुपमा लिई विकास व्यवस्थापन, दिगो विकास र सुशासनको प्रत्याभूति हुने वातावरणको सृजना गरिनेछ ।

**आदरणीय सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु । यस माधव नारायण नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न कुल आय तर्फ जम्मा रु. ५३,३५,८९,०००।- (अक्षरेपी त्रिपन्न करोड पैतिस लाख नौवासी हजार रुपैयाँ मात्र) विनियोजन गरेको छु ।

आ.व. २०८२/०८३ का लागि खर्च व्यहोर्ने श्रोत तर्फ आन्तरिक आय रु. रु. १,०००००००। ( अक्षरेपी एक करोड रुपैयाँ मात्र), नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान तर्फ रु. १०,७३,००,०००।०० (अक्षरेपी रुपैयाँ दश करोड तिहतर लाख मात्र), प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान तर्फ रु. ७३,५५,०००।०० (अक्षरेपी रुपैयाँ तिहतर लाख पचपन्न हजार मात्र), नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तर्फ रु.१०,१२,०००००।०० (अक्षरेपी रुपैयाँ दश करोड बाह्र लाख मात्र), मधेश प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तर्फ रु.६०,३४,०००।०० (साठी लाख चौतिस हजार मात्र) रहेको छ ।

यसका साथै आ.व. २०८२/०८३ मा नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु. २६,६७,०००००।०० ( अक्षरेपी रुपैयाँ छविस करोड सरसठी लाख मात्र) जसमध्ये चालू तर्फ रु. १९,०६,००,०००।००(अक्षरेपी रुपैयाँ उन्नइस करोड छ लाख मात्र) तथा पूँजीगत तर्फ रु. ७,६१,००,०००।०० (अक्षरेपी रुपैयाँ सात करोड एकसठी मात्र), प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ अनुमानित रकम रु.२,५०,०००००/- (दुई करोड पचास लाख मात्र) नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदान तर्फ रु.५०,०००००/- (पचास लाख मात्र), प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान तर्फ रु. ३०,००,०००।०० (अक्षरेपी रुपैयाँ तीस लाख मात्र), प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान तर्फ रु. २०,००,०००।०० (अक्षरेपी रुपैयाँ बीस लाख मात्र) रहेको छ ।

**आदरणीय सदस्यज्यूहरु,**

अन्त्यमा म यस नगरपालिकाको दशौं नगर सभा समारोह सफल पार्न आ-आफनो तर्फबाट सहयोग गर्ने सवै जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, नागरिक समाज, संचार

CamScanner

क्षेत्र, तथा सम्पुर्ण माधव नारायण नगरपालिकावासी आमाबुवा, दाजुभाइ तथा दिदी बहिनीहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

धन्यबाद ।

मिति :- २०८२/०३/०६